**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १३ गते बुधबार ❑ 25 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## एकद्वार प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १२ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले राज्यले गैरसरकारी सङ्घ-संस्थाको सहजीकरणका लागि एकद्वार प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

समाज कल्याण परिषद्को मंगलबार डिजिटल सेवा प्रवाह प्रणाली शुभारम्भ गर्दै उहाँले परिषद् राज्यको सहयोगी, सामाजिक सङ्घसंस्थाको छाता संस्था तथा स्वायत्त निकायका रूपमा अझ सुदृढ हुन आवश्यक भएको बताउनुभयो । प्रधानमन्त्री कार्कीले भन्नुभएको छ, "समाज कल्याण ऐनले दिएको जिम्मेवारीअनुसार नियमन, सहजीकरण तथा अनुगमन-मूल्याङ्कन कार्य प्रभावकारी बनाउन परिषद्लाई पर्याप्त पूर्वाधार, साधन र स्रोत उपलब्ध गराउनुपर्ने आवश्यकता छ, यसतर्फ सरकारका सम्बन्धित निकायहरूको पनि ध्यानाकर्षण होस् ।" मंगलबार शुभारम्भ गरिएको डिजिटल सेवा प्रवाह प्रणालीले परिषद्का कामकारबाहीलाई छिटोछरितो, पारदर्शी र अनुमानयोग्य बनाउने उहाँको विश्वास छ । यसबाट गैरसरकारी संस्थाहरूको योगदानसम्बन्धी एकीकृत तथ्याङ्क तयार हुनेछ र विकास सहायता देशको लक्ष्य, प्राथमिकता तथा आवश्यकताअनुरूप परिचालित भए-नभएको अनुगमन गर्न सहज हुने प्रधानमन्त्री कार्कीले बताउनुभयो । उहाँले भन्नुभएको छ, "समाजका प्रत्येक सदस्य विकासको मूल प्रवाहमा समाहित हुन पाउने वातावरण सिर्जना गर्नु राज्य र नागरिक सङ्घ-संस्था सबैको साझा दायित्व हो, हामी सबै समाजका अभिन्न अंश हौँ र समाज नै हाम्रो मूल्य, मान्यता र सभ्यताको धरोहर हो ।" आफूले नखाएर पनि अरूको भोकप्यास मेटाउने मानवीय संस्कार नेपाली समाजको आदिकालदेखिकै पहिचान भएको उल्लेख गर्दै उहाँले परोपकारी भावना नै हाम्रो सामाजिक एकताको आधार हो भन्नुभयो । पहिले दया र करुणाको भावनाबाट सेवा गरिन्थ्यो भने आज सामाजिक न्याय, अधिकार र समान अवसरको दृष्टिकोणबाट हेर्न थालिएको उहाँको विश्लेषण छ ।

जुन कोणबाट व्याख्या गरे पनि, आफ्ना स्वार्थभन्दा माथि उठेर समाजको समग्र उन्नतिका लागि समर्पित हुनु नै साँचो समाज सेवा भएको बताउँदै उहाँले सेवाको भावना जीवित रहँदा मात्र समाजमा शान्ति, सद्भाव र न्याय सुरक्षित रहने उल्लेख गर्नुभएको छ । राज्यको नीति अङ्गीकार गरी सामाजिक तथा नागरिक संस्थाहरू सक्रिय हुनु लोकतन्त्रको सबल पक्ष भएको बताउँदै उहाँले गैरसरकारी सङ्घ-संस्थाहरूले स्वास्थ्य, शिक्षा, सशक्तीकरण, समावेशीकरण, गरिबी निवारण, सामुदायिक विकास र वातावरण संरक्षणजस्ता विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनुभयो ।

जनसहभागिता, दिगोपना, मितव्ययिता, लक्षित वर्गमुखी कार्यक्रम र स्वयंसेवी भावनालाई आत्मसात् गर्दै अघि बढेमा गैरसरकारी संस्थाहरूको सान्दर्भिकता अझै बढ्नेछ भन्ने उहाँको विश्वास छ ।

## निर्वाचन आउन नौ दिन बाँकी: आयोगले निर्वाचन आचारसंहिता स्मरण गरायो

**रासस**
काठमाडौं, १२ फागुन

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आचारसंहिता लाग्ने व्यक्ति, समूह संस्थाका बारेमा पुनःस्मरण गराएको छ । पछिल्ला दिनमा आचारसंहिता उल्लङ्घनका घटना सार्वजनिक भएका र उजुर ीसमेत उल्लेख्य रूपमा परेपछि आयोगले सचेत गराएको हो । प्रतिनिधिसभा सदस्यको निर्वाचन यही फागुन २१ गते हुँदैछ ।

नेपाल सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्रीलाई पूर्ण रुपमा आचारसंहिता लाग्छ । यस्तै, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई पूर्ण रूपमा आचारसंहिता लाग्ने आयोगले जनाएको छ । सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीसमेत आचारसंहिताको दायरामा छन् । राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिलाई आचारसंहिता लाग्छ ।

निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी तथा कर्मचारी पूर्ण रूपमा आचारसंहिताको दायरामा छन् । यस्तै, वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारीलाई पूर्ण रुपमा आचारसंहिता लाग्ने आयोगको भनाइ छ । संवैधानिक निकाय, सो निकायका पदाधिकारी, सुरक्षा निकाय, सुरक्षाकर्मी, एवं कर्मचारी, सार्वजनिक पद धारण गरेका व्यक्ति अनुमगन समितिका पदाधिकारी तथा अनुगमनकर्तालाई निर्वाचन आचारसंहिता लाग्छ । यसैगरी मतदाता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, आयोगले तोकेका अन्य निकाय वा व्यक्ति, विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारीलाई पनि आचारसंहिता लाग्छ । स्थानीय कार्यपालिकाका पदाधिकारी निर्वाचन आचारसंहिताविपरीत प्रचारप्रसारमा सहभागी भएको पाइएपछि आयोगले आइतबार आचारसंहिता स्मरण गराएको थियो । सोमबार पुनःसरकारी वा निजी क्षेत्रमा पूर्ण रूपमा आचारसंहिता लाग्ने स्मरण गराएको हो ।

## निर्वाचन प्रचारप्रसारमा अवरोध नगर्नू : निर्वाचन आयोग

**रासस**
काठमाडौं, १२ फागुन

निर्वाचन आयोगले कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको कार्यलाई अन्य कुनै राजनीतिक दल वा उम्मेदवार वा दलका कार्यकर्ता वा आम नागरिकले अवरोध सिर्जना गर्न नहुने प्रष्ट पारेको छ ।

यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा सहभागी राजनीतिक दल वा उम्मेदवारबाट अर्को दल वा उम्मेदवारले अवरोध गरेका गुनासो र उजुरी प्राप्त भएकाले त्यसो नगर्न आयोगले आह्वान गरेको हो । चुनावी प्रचारप्रसारलाई निर्वाचन आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको आयोगले आज प्रकाशित गरेका विज्ञप्तिमा उल्लेख छ । विभिन्न सञ्चार माध्यमहरूबाट समेत यस्ता विषयमा जानकारी प्राप्त भएकोमा आयोगको गम्भीर ध्यानाकर्षण भएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ। राजनीतिक दल, उम्मेदवार वा दलको भ्रातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण सम्बन्धमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ङ) मा पनि यस विषयमा उल्लेख गरिएको उहाँले बताउनुभयो । सो दफामा "कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भ्रातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने" व्यवस्था छ । त्यसैगरी निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा २० को उपदफा (१) को खण्ड (क) मा "निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुनबमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने" कार्य गरेमा सोही ऐनको सोही दफाको खण्ड (ख) मा "दुई लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय" हुने व्यवस्था रहेकोतर्फ आयोगले सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ। आसन्न निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष तथा भयमुक्त वातावरणमा सम्पन्न गराउने दायित्व राजनीतिक दल, उम्मेदवार, आमनागरिक तथा सरोकारवाला सबैको भएको उहाँले बताउनुभयो । निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्नबाट वञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउनेजस्ता कार्य नगर्नका लागि सम्बन्धित सरोकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ । सोविपरीत गरेको देखिएमा आचारसंहिता प्रतिकूल हुने सरोकारवाला सबैमा आयोगले जानकारी गराएको छ ।

## सवारी सुरक्षाका लागि 'मापसे' जाँचमा प्रहरी सक्रिय

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

सवारी दुर्घटना न्यूनीकरणका लागि कास्की प्रहरीले मादक पदार्थ सेवन (मापसे) जाँचलाई तीव्र पारेको छ ।

केही दिनअघि 'मापसे' गरी स्कूल बस चलाउने १० जना चालकलाई नियन्त्रणमा लिएको प्रहरीले आइतबार पोखराबाट छ जना सार्वजनिक सवारीसाधनका चालकलाई 'मापसे' गरेको आरोपमा पक्राउ गरेको हो । जिल्ला ट्राफिक कार्यालय र वडा प्रहरी कार्यालय राम बजारको संयुक्त टोलीले माइक्रो चालक २४ वर्षीया विवेक घले, ३८ वर्षीय नीरबहादुर सुनार, बस चालक ४६ वर्षीय रञ्जित बराल, ३२ वर्षीय बेलबहादुर विक, ४० वर्षीय गणेश खड्का र २

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखराका पर्यटन व्यवसायी देवेन्द्र केसीद्वारा भूमेश्वर विद्यालयमा सहयोग, क्यान्टिन र ल्याब स्थापना गर्ने प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

पोखराका युवा पर्यटन व्यवसायी तथा सामाजिक अभियन्ता देवेन्द्र केसीले कास्कीको अन्नपूर्ण गाउँपालिका ४ सल्यान बाँसखर्क स्थित भूमेश्वर आधारभूत बिद्यालयमा विभिन्न सामग्री सहयोग गर्दै क्यान्टिन र ल्याब स्थापना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।



विद्यालय को ६५औं वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रमका अवसरमा मंगलबार सम्बोधन गर्दै विद्यालयका पूर्व विद्यार्थी समेत रहनु भएको एवं कुटी रिसोर्टका सञ्चालक केसीले कार्यक्रमको उद्घाटन गर्दै बिद्यालयमा आवश्यक पर्ने क्यान्टिन र ल्याव स्थापना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

आफूले अध्ययन गरेको विद्यालयमा प्रमुख अतिथिको रूपमा उपस्थित भई सहयोग गर्न पाउनु गर्वको विषय भएको उल्लेख गर्दै उहाँले राज्यले गर्नुपर्ने आवश्यक भौतिक पूर्वाधार निर्माणमा पहल गर्ने वचन दिँदै थप आवश्यक सहयोग जुटाउन तथा व्यक्तिगत रूपमा पनि साथ दिने प्रतिबद्धता जनाउनु भएको हो । उक्त अवसरमा अवसरमा केसीले एक थान कम्प्युटर, ३२ इन्चको इन्टरनेट सहितको टेलिभिजन, शुद्ध पिउनेपानीका लागि युरोगार्ड तथा खेलकुद सामग्री विद्यालयलाई हस्तान्तरण गर्नुभयो । बाल्यकाल सम्झँदै "कट्ठु लगाएर यही विद्यालयमा पढ्दै हुर्किएको हुँ" भन्दै केसीले सामुदायिक विद्यालयमा अध्ययन गरेर पनि समाजमा उल्लेखनीय काम गर्न सकिने उदाहरण प्रस्तुत गर्न विद्यार्थीलाई हौसला दिनुभयो। उहाँले विद्यार्थीहरूलाई उच्च मनोबलका साथ अध्ययनमा केन्द्रित हुन आग्रह गर्नुभयो । कार्यक्रममा विशेष अतिथि अन्नपूर्ण-४ का वडाध्यक्ष आईन्दल गुरुङले केसीजस्ता दाताको सहयोगले विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उल्लेखनीय टेवा पुगेको बताउनुभयो । त्यसैगरी किवानिस क्लब अफ पोखरा ले विद्यालयका विद्यार्थी तथा शिक्षक-कर्मचारीलाई पुग्ने गरी ट्र्याकसुट सेट उपलब्ध गराउने घोषणा गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रम शिक्षक आस्था गुरुङले सञ्चालन गर्नुभएको थियो। विद्यालयका प्रधानाध्यापक तोरणबहादुर के.सी.ले पूर्व विद्यार्थी तथा समाजसेवी देवेन्द्र केसीबाट समय-समयमा निरन्तर सहयोग प्राप्त हुँदै आएको पोखरापत्रलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीको समृद्धिका लागि काँग्रेस नै उपयुक्त : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



नेपाली काँग्रेसका नेता एवम् गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले कास्कीका नेपाली काँग्रेसका उम्मेदवारलाई विजयी गराउन मतदातालाई आग्रह गरेका छन् । उनले कास्की को दिगो विकास, पूर्वाधार विस्तार र युवामैत्री कार्यक्रमलाई तीव्रता दिन नेपाली काँग्रेस नै उपयुक्त शक्ति भएको उल्लेख गरे ।

कास्कीबाट प्रतिनिधि सभाका लागि नेपाली काँग्रेसबाट प्रत्यक्ष तर्फ उम्मेदवारी दिएका तिलक रानाभाट (कास्की १), माधव प्रसाद बास्तोला "मधु"(कास्की २), मनोज गुरुङ (कास्की ३) र समानुपातिक तर्फका उम्मेदवार आई बहादुर गुरुङका लागि मत माग्दै उनले भने, "कास्कीमा प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, खेलकुद र युवा स्वरोजगारका थुप्रै योजनाहरू अघि बढाएको छ । यी योजनालाई संघीय तहसँग समन्वय गरी प्रभावकारी कार्यान्वयन गर्न सक्षम र अनुभवी नेतृत्व आवश्यक छ, जसका लागि नेपाली काँग्रेसका उपयुक्त उम्मेदवार हुनुहुन्छ ।"

मन्त्री थापाका अनुसार कास्कीका विभिन्न वडामा विद्यालय पूर्वाधार सुदृढीकरण, खेलमैदान स्तरोन्नति, स्वास्थ्य संस्थामा सेवा विस्तार तथा युवालाई लक्षित सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारले बजेट विनियोजन गरिसकेको छ। "प्रदेशले थालेका योजनालाई संघीय सरकारसँग समन्वय गरी अझ ठूलो आकारमा लैजान सक्ने प्रतिनिधि आवश्यक छ," उनले भने । उनले कास्कीको समृद्धि यात्रामा राजनीतिक स्थिरता, स्पष्ट दृष्टिकोण र विकासप्रति इमान्दार प्रतिबद्धता जरुरी रहेको उल्लेख गर्दै नेपाली काँग्रेसले परिवर्तन र सुशासनको मार्गचित्र प्रस्तुत गरेको बताए। "कास्की २ लाई समुन्नत, व्यवस्थित र अवसरले भरिपूर्ण बनाउन काँग्रेस नेतृत्व अपरिहार्य छ", मन्त्री थापाको भनाई छ । उनले मतदातासँग अपिल गर्दै फागुन २१ गते हुने निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवारलाई विजयी गराई कास्कीको विकास अभियानलाई निरन्तरता दिन आग्रह गरेका छन् । "प्रदेश सरकारले अघि सारेका योजनालाई सफल पार्न संघ र प्रदेशबीच सहकार्य जरुरी छ। त्यसका लागि कास्कीमा काँग्रेसको जित आवश्यक छ," उनले स्पष्ट पारे ।

कास्कीमा यतिबेला चुनावी माहोल तातेको छ। विभिन्न स्थानमा घरदैलो, भेटघाट तथा अन्तरक्रिया कार्यक्रममार्फत काँग्रेस उम्मेदवारहरुले विकास, सुशासन र रोजगारी सृजनालाई प्राथमिकतामा राख्दै आफ्ना प्रतिबद्धता सार्वजनिक गरेका छन् । मन्त्री थापाको सक्रियसमर्थन र अपिलसँगै कास्कीमा काँग्रेसको अभियान थप सशक्त बनेको कार्यकर्ताहरू बताउँछन् ।

# पोखरामा यूरो-६ मापदण्डका ६ वटा 'स्वीफ्ट होलिडेज' बस भित्रिए

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



पोखरामा यूरो-६ मापदण्डका अत्याधुनिक लक्जरी बस भित्रिएका छन् । गण्डकी प्रदेश, धौलागिरी क्षेत्र तथा चितवनका लागि बातास कमर्सियल भेईकल्स प्रालि को अधिकृत विक्रेता अटोवेज प्रालिले यूरो-६ मापदण्डको भोल्भो आइसर बी-६ लक्जरी बस गण्डकी प्रदेशमा भित्राएको हो ।

उक्त ६ वटा बस स्वीफ्ट होलिडेज प्रालि ले खरिद गरिसकेको छ भने उक्त बसहरू चाँडै पोखरा-काठमाडौं रुटमा सञ्चालनमा आउने कम्पनीले जनाएको छ । कार्यक्रममा अटोवेज प्रालिका अध्यक्ष नारायणप्रसाद पौडेलले स्वीफ्ट होलिडेजका प्रबन्ध निर्देशक मिलन नेपाललाई मंगलबार एक समारोहका बिच बसको साँचो हस्तान्तरण गर्नुभयो ।

अध्यक्ष पौडेलले यूरो-६ मापदण्डका गाडी वातावरणमैत्री र सुरक्षित रहेको दाबी गर्दै कार्वन उत्सर्जन कम गर्ने, इन्धन खपत घटाउने तथा उच्च सुरक्षा सुविधा भएको दाबी गर्नुभयो । " छुट पुट घटना बाहेक अहिले पोखरा-काठमाडौं यात्रा असुरक्षित महशुस भइरहेको छ । यूरो-६ मापदण्डको यो गाडीले यात्रा सुरक्षित र आरामदायी बनाउनेछ भन्नेमा हामी विश्वस्त छौं," उहाँले भन्नुभयो । ४० सिट क्षमताको बसले पोखरा-काठमाडौं दूरी ५ देखि बढीमा ६ घण्टाभित्र पार गर्ने दाबी गरिएको छ। कम्पनीका अनुसार यात्रुको सहुलियतका लागि भाडादर १ हजार २ सय रुपैयाँ निर्धारण गरिएको छ । प्रत्येक बसको मूल्य करिब १ करोड ३० लाख रुपैयाँ रहेको छ । नेपाल भित्र्याउँदा राज्यले २० प्रतिशत कर छुट दिएको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । "दश वर्षसम्म अन्यत्र बिक्री नगर्ने शर्तमा छुट दिइएको हो," उहाँले बताउनुभयो । इभी बसतर्फ जान नसकिएको विषयमा उहाँले चार्जिङ पूर्वाधारको दिगोपनाको अभाव औंल्याउँदै सरकारले यस विषयमा पुनर्विचार गर्नुपर्ने धारणा राख्नुभयो । चालक तथा सहचालकलाई तालिम, नियमित चेकिङ र परामर्शमार्फत सुरक्षित सेवा दिने प्रतिबद्धता पनि कम्पनीले जनाएको छ ।

स्वीफ्ट होलिडेजका प्रबन्ध निर्देशक मिलन नेपालले सन् २०१८ देखि पोखरा-काठमाडौं, चितवन र लुम्बिनीसम्म सेवा दिँदै आएको उल्लेख गर्दै नयाँ बसले यात्रुलाई थप आराम र सुरक्षा दिने बताउनुभयो । एयर सस्पेन्सन प्रणालीका कारण यात्रा थप सहज हुने तथा कार्वन उत्सर्जन ८५ प्रतिशतसम्म घट्ने उहाँको दाबी छ । कम्पनीले निकट भविष्यमा पोखरा-चितवन र पोखरा-लुम्बिनीमा समेत दिवा तथा रात्रिकालीन सेवा सञ्चालन गर्ने योजना बनाएको जनाएको छ। गण्डकी प्रदेशको पर्यटन तथा यातायात क्षेत्रमा यस कदमले नयाँ आयाम थप्ने विश्वास गरिएको छ ।

# पोखरा आदर्शमा करियर मार्गदर्शन कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



पोखरा आदर्श सेकेण्डरी स्कुल बगर, पोखराले कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गर्दै मंगलबार करियर मार्गदर्शन कार्यक्रम सम्पन्न गरेको छ । विद्यालय परिसरमा आयोजित उक्त कार्यक्रममा ६५ जना विद्यार्थीको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमकी स्रोतव्यक्ति पूर्णशोभा महर्जनले विद्यार्थीहरूलाई आफ्नो रुचि, खुबी तथा क्षमता पहिचान गरी सोहीअनुसार करियर छनोट गर्न मार्गदर्शन गरिन्। सात दिने क्षमता अभिवृद्धि तालिमलाई संक्षिप्त रूपमा प्रस्तुत गर्दै उनले सहभागीहरूलाई आधारभूत तर महत्वपूर्ण जानकारी प्रदान गरेकी थिइन्। उनको सेसन मुख्यतः विद्यार्थीहरूलाई आत्मपरिचय, आफ्नो सीप तथा सम्भावना पहिचान, कामको बदलिँदो संसारबारे जानकारी, उपलब्ध करियर विकल्पहरूको विश्लेषण तथा सोहीअनुसार तयारी गर्ने रणनीतिमा केन्द्रित थियो । महर्जनले वर्तमान प्रतिस्पर्धात्मक परिवेशमा करियर निर्माण केवल शैक्षिक उपलब्धिमा सीमित नरही व्यवहारिक सीप, तालिम तथा निरन्तर आत्मविकासमा निर्भर रहने बताइन्। उनले विद्यार्थीहरूलाई समयमै लक्ष्य निर्धारण गरी आवश्यक तालिम तथा अभ्यासमार्फत आफूलाई सक्षम बनाउने सुझाव दिइन् ।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले कार्यक्रमलाई उपलब्धिमूलक र प्रेरणादायी बताएका छन्। सहभागी अमन लोहनीले भने, "आजको यस जानकारीमूलक सेसनले मलाई आफ्नो रुचिअनुसारको करियर खोज्न सचेत बनाएको छ। साथै, आफ्नो रुचिअनुसार करियर निर्माण गर्न तालिमको महत्वपूर्ण भूमिका हुँदो रहेछ भन्ने कुरा पनि बुझ्न पाएँ ।" त्यस्तै, अस्मिता राईले आफ्नो क्षमता पहिचान गर्न तथा भविष्यको लक्ष्य स्पष्ट बनाउन कार्यक्रम प्रभावकारी रहेको धारणा व्यक्त गरिन् । विद्यालय निर्देशक नारायण न्यौपानेले नेपालमै सम्भावना खोज्दै आत्मनिर्भर बन्न सक्ने जनशक्ति उत्पादन गर्ने उद्देश्यले विद्यालयले यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको जानकारी दिए । उनले यसअघि पनि विद्यार्थीहरूलाई सहकारी तथा बैंकको भूमिका, कफी बनाउने तालिम, सामाजिक सञ्जालको सही प्रयोग, फोटोग्राफी, कन्टेन्ट क्रियसन, सेमिनार प्रस्तुति लगायतका विषयमा जानकारीमूलक कार्यक्रम आयोजना गरिएको बताए । विहानी सत्र संयोजक कुशल तिमिल्सिनाले विद्यार्थीहरू परम्परागत रूपमा केवल प्रतिस्पर्धात्मक बोर्ड परीक्षाको तयारीमा सीमित नरही क्षमता विकास र श्रम बजारमा सम्भावना भएका क्षेत्रप्रति बढी चासो दिन थालेको उल्लेख गरे। उप-प्राचार्य ज्ञानेश्वर सुबेदीले विद्यार्थीहरूको चाहना तथा सरोकारवालासँगको समन्वयका आधारमा आगामी दिनमा पनि यस्ता व्यवहारिक र सीपमूलक कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। उनका अनुसार, बदलिँदो शैक्षिक तथा व्यावसायिक परिवेशमा विद्यार्थीलाई समयमै करियरबारे सचेत गराउनु आवश्यक रहेकाले यस्ता कार्यक्रमलाई संस्थागत रूपमा निरन्तर अघि बढाइनेछ ।

# मस्याङ्दी जलविद्युत् केन्द्रको मर्मत सम्भार धमाधम सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ फागुन

जिल्लाको आँबुखैरेनीमा रहेको मस्याङदी जलविद्युत् केन्द्रको बाँध, सुरुङ, पावरहाउसलगायतका संरचना मर्मतसम्भार कार्य धमाधम भइरहेको छ । उनान्सत्तरी मेगावाट क्षमताको सो जलविद्युत् केन्द्रबाट अहिले विद्युत् उत्पादन ठप्प भएको सो केन्द्रले जनाएको छ ।

गत फागुन २ गतेदेखि २२ दिनसम्मका लागि विद्युत् उत्पादन बन्द गरी मर्मत कार्य अघि बढाइएको केन्द्रका कर्मचारी शैलेन्द्र भट्टले जानकारी दिनुभयो । कालीगण्डकीलगायतकाविभिन्न आयोजनाबाट मिस्त्री, मजदुर झिकाएर मर्मत कार्य थालिएको हो । उहाँले भन्नुभयो, "बाँधमा बालुवा थुप्रिएका कारण सफा गर्न र गेट भत्किने अवस्थामा पुगिसकेकाले निर्माण कार्य थालिएको हो ।" सुरुङ र अन्य संरचनाहरूको मर्मतसम्भार गर्नुपर्ने भएको थियो । उहाँले भन्नुभयो, "कार्यालयबाट पूर्व सूचना दिएर आउँदो २२ गतेसम्म उत्पादन बन्द गरिएको हो ।" यही फागुन २२ गतेदेखि सो आयोजनाको विद्युत् उत्पादन सुचारु गर्ने योजना रहेको सो केन्द्रले जनाएको छ। विसं २०४२ देखि सञ्चालन गरिएको मर्स्याङ्दी जलविद्युत् आयोजनाको तीन टर्वाइनबाट ६९ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ ।

## सवारी ...

९ वर्षीय प्रदीप परियारलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो ।

बिहान ४ बजेदेखि साँझ ६ बजेभित्रको समयमा जाँच गर्दा मादक पदार्थ सेवन गरेको पाइएकाले उनीहरूलाई पक्राउ गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ ।

प्रहरीले शनिबार फेवातालमा सञ्चालनमा रहेका डुङ्गा चालकहरूको ' मापसे' र लागुपदार्थ सेवन ' लापसे' जाँच गरेको थियो । ४५ जना डुङ्गा चालकलाई जाँच गर्दा चार जना डुङ्गा चालकले 'लापसे' गरेको र एक जना डुङ्गा चालकले 'मापसे' गरेको पाइएपछि उनीहरूलाई पक्राउ गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ । पछिल्लो समय प्रहरीले कास्कीमा 'मापसे' जाँचलाई तीव्रता दिएको छ ।

## पोखराका ...

जानकारी दिनुभयो । हाल विद्यालयमा ४३ जना विद्यार्थी अध्ययनरत रहेका छन् भने ९ जना शिक्षक तथा कर्मचारी कार्यरत रहेको विद्यालय प्रशासनले जनाएको छ। ग्रामीण भेगको सामुदायिक विद्यालयमा पूर्व विद्यार्थीको सक्रिय सहयोग र प्रतिबद्धताले शिक्षा क्षेत्रमा सकारात्मक ऊर्जा थपिएको स्थानीयले पोखरापत्रलाई बताउनु भएको छ ।

# मुस्ताङमा निर्वाचन लक्षित अभिमुखीकरण तालिम

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १२ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै चुनावी तयारीलाई तीव्रता दिइएको छ ।

जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन कार्यालय र जिल्ला सुरक्षा समिति मुस्ताङले निर्वाचनलाई प्राथमिकता राखेर तयारी थालेको हो ।

जिल्ला निर्वाचन कार्यालयको आयोजनामा यहाँस्थित ४० वटै मतदान केन्द्र तथा अस्थायी मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई आज एकदिने अभिमुखीकरण तालिम दिएको छ । निर्वाचनलाई व्यवस्थित, निश्पक्ष, स्वतन्त्र र पारदर्शी बनाउने उद्देश्यले निर्वाचनमा खटिने कर्मचारीलाई तालिम दिइएको जिल्ला निर्वाचन कार्यालय प्रमुख लोकेन्द्र ज्ञवालीले जानकारी दिनभयो । प्रमुख जिल्ला अधिकारी अजिता शर्माले निर्वाचनका लागि राज्यले सुम्पिएको कार्यभार राष्ट्र सेवक कर्मचारीहरुले गहन ढंगले पुरा गर्नुपर्नेमा जोड दिनुभयो । प्रजिअ शर्माले लोकतन्त्रको संस्थागत विकासका लागि निर्वाचन अपरिहार्य रहेकाले निर्वाचनलाई शान्तिपूर्ण रुपमा व्यवस्थित गरी सम्पन्न गर्न सबैले सहयोग र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो ।

मुस्ताङका पाँच वटै पालिकाका ३९ मतदान केन्द्र र एक अस्थायी मतदान केन्द्रमा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई मुख्य निर्वाचन अधिकृत विद्याराज पौडेल र जिल्लास्थित राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख विष्णु पण्डितले सहजीकरण गर्नुभएको थियो ।


## फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं ।

◆ जेन–जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ।

◆ फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ।

◆ सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ।

◆ फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो।

◆ सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# संकटमा देशभक्त एक ठाउँमा होऊ

विगतका भन्दा यस पटक चुनाव प्रचारप्रसारको शैली फेरिएको छ । विगतमा टेलिभिजन, पत्रपत्रिका र एफएम रेडियो बाट प्रचारप्रसार हुन्थ्यो ।यसपालि चुनावप्रतिको मतदाताको बुझाइ फरक छ । चुनाव प्रचारप्रसारमा सामाजिक सञ्जाल र कृत्रिम बुद्धि (एआई) को प्रयोग बढ्दो छ । यसले चुनाव प्रचारप्रसारलाई सजिलो बनाएको छ । साथसाथै सामाजिक सञ्जाल र एआईको दुरुपयोग गरी गलत र मिथ्या सूचना, द्वेषपूर्ण सामग्री र भ्रामक विवरणको प्रयोग बढेको छ । प्रविधिले गर्दा मिथ्या सूचना, भ्रामक प्रचार र द्वेषपूर्ण सामाग्रीको कारण गृहमन्त्रालय र निर्वाचन आयोगलाई चिन्ताको विषय पनि बनेको छ । २०७९ को निर्वाचनमा नयाँ दलले शुरु गरेको मिथ्या सूचना, द्वेषपूर्ण सामग्री र भ्रामक विवरण दिएर जनमत आकर्षित गरेका थिए । यो क्रम जेनजी आन्दोलनमा व्यापक गरियो ।२०७९ को चुनाव देखि निरन्तर जारी छायो कहाँ पुगेर रोकिने हो टुङ्गो छैन ।

नेपालमा डिजिटल साक्षरताको कमी छ तर सूचना सामग्रीको भने बाढी आएको छ । कुन सूचना सही हो र कुन गलत हो भनी छुट्याउन कठिन छ । राजनीतिक दल तथा उम्मेदवारले सामाजिक सञ्जाल र एआईमार्फत चुनाव प्रचारप्रसारलाई तीव्रता दिएका छन् । दल र उम्मेदवारलाई जिताउन सूचना प्रविधिमार्फत गलत सूचना सामग्री तयार पारी मतदातालाई प्रभावित पार्ने प्रयास पनि भइरहेको छ । यस्तो काम रोकिएको छैन र रोक्न पनि कठिन छ । सामाजिक सञ्जाल र एआईबाट सिर्जित सामग्री सही वा गलत कस्ता हुन् भनी तिनको पहिचान गर्न र निर्वाचनमा सूचना प्रविधिको दुरुपयोग रोक्न निर्वाचन आयोग र सरकारले विभिन्न प्रयास भने गरिरहेपनि सकेका छैनन् ।नेपाल प्रहरीलाई तालिम दिएर खटाउन थालिएको छ ।

निर्वाचनलाई लिएर आममतदाता, उम्मेदवार एवं सम्बद्ध पक्ष उत्साहित देखिएका छन् । विगतका निर्वाचनमा भाषण र नाराबाजी बढी हुने गरेकोमा यसपालिको निर्वाचनमा भने प्रचारको शैलीमा परिवर्तन भएको छ । निर्वाचन आयोगले निर्वाचनलक्षित भ्रामक सूचना पहिचान गर्न एआईमा आधारित सफ्टवेयर बनाएको छ । सफ्टवेयरले पहिचान गरेको सूचनाको विश्लेषण गरी प्रमाण सङ्कलन गर्दै दोषीलाई कारबाहीको दायरामा ल्याइने भनी आयोगले विशेष निगरानी गर्दै छ । चुनाव प्रचारप्रसारका क्रममा मतदातासँगको भेटघाटमा सक्रिय उम्मेदवारको तस्बिर र भिडियोले यतिखेर सामाजिक सञ्जालमा चर्चा पाइरहेको छ । यस क्रममा आआफ्ना पक्षमा माहोल बनाउन भिड देखाउने होडबाजी नै चलेको छ । धेरै ठाउँमा एआईको दुरुपयोग गरेको पनि पाइएको छ ।

अहिले सञ्जालमा चर्चित उम्मेदवारदेखि केही नयाँ उम्मेदवारको तस्बिरसहित ठुलो संख्यामा मानिसको उपस्थिति देखाउन एआई प्रयोग गर्ने प्रवृत्ति तीव्र छ । झट्ट हेर्दा छुट्याउन नसकिने यस किसिमका तस्बिर र भिडियो प्रयोगले मतदातालाई नै भ्रमित बनाइरहेको छ । त्यस्ता तस्बिर र भिडियोमा उम्मेदवार र आसपासका केही व्यक्ति वास्तविक हुने भए पनि देखाइने भिड भने एआईद्वारा सिर्जना गरिएको हुन्छ, जुन वास्तविक जस्तै देखिन्छ । भिड देखाउने प्रतिस्पर्धामा नयाँ राजनीतिक दल सामेल छन् । पुराना र पुरानालाई नयाँ बनाएका उम्मेदवारका समर्थकले एआई प्रयोगमार्फत तस्बिर र भिडियोमा भिड देखाउन अग्रसरता लिइरहेका छन् । भिड देखाउने यस्तो प्रतिस्पर्धा निर्वाचन आचारसंहिताविपरीत काम हो । यसले निर्वाचनको माहोलमै असर पार्छ ।

नेपाली समाजमा कोही एक जनालाई नेता मान्ने र त्यसको वरिपरि हिँड्नु पर्छ भन्ने प्रवृत्ति अन्त्य भएको छैन । यसले पनि भिडलाई बढावा दिएको छ । यही मान्यताले जसरी पनि भिड देखाउन सामाजिक सञ्जाल प्रयोग/दुरुपयोग हुने गरेको छ । पुराना र नयाँ राजनीतिक दलले त्यही शैली स्विकारेको पाइन्छ । सञ्जालमा भिड देखाउने पुराना दलको प्रवृत्तिलाई नयाँ दलले झन् व्यापक बनाएका छन् । डिपफेकमार्फत आफूलाई फाइदा हुने गरी निर्वाचनका लागि तस्बिर तथा भिडियो बनाएर प्रचारप्रसार गर्ने शैली पनि देखिएको छ । एआई नेपालका लागि नौलो अभ्यास हो । यहाँ यससम्बन्धी प्रस्ट कानुन छैन । त्यसैले यसको दुरुपयोग हुँदा कस्तो कारबाही गर्ने भन्ने अन्योल छ । नैतिक हिसाबले कुरा गर्दा एआई प्रयोग गरेर जोकसैले पोस्ट सार्वजनिक गरे पनि उम्मेदवार त्यसको जिम्मेवार हुनु पर्छ । खास गरी एआईद्वारा सिर्जना गरिएका यस्ता गलत पोस्टले भ्रम फैलाउने र त्यसले निर्वाचनलाई समेत असर पार्छ । यो काम निर्वाचन आयोगको आचारसंहिताविपरीत हुन्छ ।

आयोगले प्रविधिको दुरुपयोग रोक्ने ढङ्गले आचारसंहिता बनाएर जारी गरेको छ । सामाजिक सञ्जालमा एआई प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण जस्ता भ्रामक टीकाटिप्पणी कसैले पनि गर्न वा गराउन नहुने विषयलाई आयोगले आचारसंहितामा समेटेको छ । अतः सूचना प्रविधिको सही प्रयोग गरी स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत मुलुकलाई निकास दिन सबै जुटौँ, भ्रमको खेती कसैले पनि नगरौँ । नेपालमा सानालाई ऐन , बलिया र शक्तिशालीलाई चैन हुँदै आएको छाजेनजी सरकारले त्यसैलाई मलजल गरेको छाकानुन पनि व्यक्ति पिच्छे फरक हुने अहिलेको परिपाटी फेर्न जनताको दबाब र खबरदारी आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : झमेला बड्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आर्थिक सहयोग गरेर विद्यालयलाई ऋणमुक्त



**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ फागुन

जलजला गाउँपालिका-१ बाँसखर्कमा रहेको ज्योति मण्डल माध्यमिक विद्यालयलाई दाताहरूले आर्थिक सहयोग गरेर ऋणमुक्त बनाएका छन् ।

निजी स्रोतबाट मावि तह सञ्चालन, जग्गा खरिद, भवनलगायत पूर्वाधार निर्माणका लागि विद्यालयले प्रधानाध्यापक मेखबहादुर खत्रीको घरजग्गा सहकारीमा धितो राखेर ऋण लिएको थियो । पूर्वशिक्षक, व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा बाँसखर्कका पूर्वप्रधानपञ्च लालबहादुर पुनका नातिनीहरूले सहकारीको ऋण तिरेर विद्यालयलाई ऋणमुक्त बनाएका हुन् । पुन परिवारले सहकारीमा रहेको रु नौ लाख २९ हजार ऋण तिरेर धितो राखेको जग्गाधनी प्रमाणपत्र फिर्ता गराएको प्रअ खत्रीले जानकारी दिनुभयो । लालबहादुरका नातिनी ज्वाइँ कमलबहादुर पुर्जा, नातिनीहरू पार्वती, राधा, सीता, शान्ति र पनाति पवनको तर्फबाट विद्यालयलाई सहयोग प्राप्त भएको हो । सहयोगदाताहरूलाई सोमबार बाँसखर्कमा विद्यालयले कार्यक्रमसहित सम्मान गरेको थियो । विद्यालयले धितो रहेको प्रअ खत्रीको जग्गाधनी प्रमाणपत्र फिर्ता गरेको थियो । कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा ९४ जना विद्यार्थीहरू रहेका छन् ।

# गोरखामा मृत अवस्थामा चितुवा फेला



**पोखरापत्र संवाददाता**
गोरखा, १२ फागुन

गोरखामा पोथी चितुवा मृत अवस्थामा फेला परेको छ । गोरखा नगरपालिका-४ फिनामस्थित हिलेखर्कमा मंगलबार चितुवा फेला परेको डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदनमोहन शाण्डिल्यले बताउनुभयो । स्थानीयले सोमबार राति चितुवा-चितुवाबीच झगडा परेको जस्तो आवाज सुनेको बताएकाले भाले चितुवासँग झगडा पर्ने क्रममा पोथी चितुवाको मृत्यु भएको हुनसक्ने अनुमान रहेको उहाँले बताउनुभयो । स्थानीय डम्बरबहादुर थापाको पाखो बारीमा मृत अवस्थामा फेला परेको चितुवाको उमेर करिब एक वर्ष हुनसक्ने जनाइएको छ ।

# 'अफ्रिकन स्वाइनफिभर'ले बङ्गुर मर्न थाले

**रासस**
चितवन, १२ फागुन

जिल्लामा पालिएका बङ्गुरमा 'अफ्रिकन स्वाइनफिभर' देखिएको छ । गर्मी बढेपछि यो रोगको सङ्क्रमण देखिन थालेको हो ।

इच्छाकामना गाउँपालिकाको एक व्यावसायिक फर्म र भरतपुर महानगरपालिका-८ को बङ्गुर फार्ममा यो रोगको सङ्क्रमण देखिएको पशु सेवा कार्यालयले जनाएको छ । कार्यालयकी पशु चिकित्सक डा सविता ज्ञवालीका अनुसार इच्छाकामनामा पालिएका ७० वटा बङ्गुर सोही रोगको सङ्क्रमणले मरिसकेका छन्भने भरतपुरका चारवटा बङ्गुर यसैको सङ्क्रमणले मरेका छन् । भाइरसबाट सर्ने रोग भएकाले यसको औषधि हालसम्म उपलब्ध छैन । अफ्रिकन स्वाइनफिभर घरपालुवा सुँगुर, बँदेल, बङ्गुर प्रजातिमा भाइरसबाट लाग्ने उच्च मृत्युदर भएको सरुवा रोग हो । यो रोग नेपालमा पहिलोपटक विसं २०७९ जेठ २ गते पुष्टि भएको थियो ।


## विमा लेख हरायो

**एशियन लाइफ इन्स्योरेन्स क. लि. वाट जारि गरिएको निम्न लिखित बीमालेख गोरखादेखि पोखरासम्म हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः शर्मिला श्रेष्ठ**
**विमा लेख नं. ५३१७००१५५६५**
**ठेगानाः गोरखा–७**
**सम्पर्क : एशियन लाईफ इन्स्योरेन्स कं. लि.**
**पोखरा शाखा**
**सम्पर्क नं.: ९८५६०४०१२४**


# 'पोखराको व्यवस्थित विकास टड्कारो आवश्यकता'-उम्मेदवार रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



यहि फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य पदमा कास्की क्षेत्र नं. २ का नेकपा (एमाले)का उम्मेदवार रश्मि आचार्यले पोखराको व्यवस्थित विकासको टड्कारो आवश्यकता देखिएको बताएका छन् ।

देशकै ठूलो महानगरमा व्यवस्थित विकासका लागि केही नयाँ नीतिगत व्यवस्थासँगै स्थानीय तहसँगको सहकार्यमा भएको विकासलाई पनि थप व्यवस्थित गराउनुपर्नेमा उनको जोड छ । पोखराको विकासमा देखिएका नीतिगत र कानुनी अल्झनले व्यवस्थित विकासमा कठिनाइ देखिएको भन्दै उम्मेदवार आचार्यले यसको समाधानमा लाग्ने उल्लेख गरे । शिक्षा, स्वास्थ, रोजगारी, संरचनाका सौन्दर्यीकरण सहित युवा पुस्ता केन्द्रित महत्वपूर्ण विषयका काम नीतिगत कानुनी व्यवस्थापनमा भएका त्रुटिका कारण असरल्ल परेका छन् । सो विषय आफ्नो महत्वपूर्ण प्राथमिक एजेन्डा भएको उनको भनाई छ । नजिकिदै गएको निर्वाचनका सन्दर्भमा पोखरा महानगरपालिका वडा नं. ७ का मतदाता भेट्घाटमा उम्मेदवार आचार्यले सो कुरा बताएका हुन् । सबैको साथले यहाँको पर्यटन विकासका लागि आफुले 'लिङ्क पोखरा, मार्क पोखरा र ट्विट पोखरा' को अवधारणा अघि सारेको उल्लेख गरे । पोखरामा भएका संरचना र क्षेत्रलाई भौगोलिक र सांकृतिक पाटोबाट एक आपसमा जोड्ने काम 'लिङ्क पोखरा' ग्रामीण इलाकामा नयाँ गन्तव्य निर्माण र विकासका लागि 'मार्क पोखरा' र पोखराको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार गर्न 'ट्विट पोखरा' फलदायी हुने आचार्यको ठम्याई छ । यससँगै उम्मेदवार आचार्यले मुख्य सहरी क्षेत्रको जनसंख्या व्यवस्थापनलाई केन्द्रबिन्दुमा राखेको बताए । जनघनत्व बढी भएको मुख्य शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जीवनस्तर सुधारसहित शहरी क्षेत्रको थप सशक्तिकरण हुने अभियान संचालन गर्न सके व्यवस्थित पोखरा विकासको योजना साकार हुने आचार्यको दाबी छ । पोखराको पर्यटनमा यसको सौन्दर्यीकरण सहित थप व्यवस्थित विकास गर्न सकेमा पोखरामा धेरै भन्दा धेरै पर्यटक भित्र्याउन, पर्यटकको बसाई अवधि लम्याउन उल्लेखनीय भूमिका खेल्न सकिने उनको तर्क छ ।

# मनोज गुरुङको संकल्पः पाँच वर्षभित्र सबै वडामा पक्की सडक

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन




कास्की क्षेत्र नम्बर ३ का कांग्रेसका उम्मेद्वार मनोज गुरुङले पाँच वर्षभित्र निर्वाचन क्षेत्रका सबै वडा कार्यालयसम्म पक्की सडक पुर्‍याउने प्रतिबद्धता जनाएका छन् । चुनावी घरदैलो अभियानका क्रममा मतदाताहरूसँग अन्तरक्रिया गर्दै गुरुङले वडा कार्यालय जोड्ने सडक सञ्जाललाई पहिलो प्राथमिकतामा राखेको बताएका हुन् । उनले सांसदको भूमिका नीति निर्माणमा केन्द्रित हुने भए पनि आफ्नो क्षेत्रको पूर्वाधार विकासका लागि संसदबाटै विशेष पैरवी गर्ने स्पष्ट पारे ।

'हाम्रो क्षेत्रका ३१ ओटै वडाका केन्द्रसम्म कालोपत्रे वा ढलान सडक पुर्‍याउनु मेरो मुख्य लक्ष्य हो,' गुरुङले भने । उनले थपे, 'म निर्वाचित भएपछि पाँच वर्षभित्र सबै वडा कार्यालयमा पक्की सडक पुग्ने गरी नीतिगत व्यवस्था गर्न र बजेट विनियोजन गर्न म लाग्नेछु ।' कास्की ३ अन्तर्गत ३१ ओटा वडाहरू पर्दछन् । तीमध्ये सबै वडामा सडकको ट्र्याक खुलिसकेको छ । तर, अन्नपूर्ण गाउँपालिकाका अधिकांश वडा र माछापुच्छ्रे गाउँपालिकाका चार ओटा वडामा अझै पनि पक्की सडक पुग्न सकेको छैन । संघ, प्रदेश र स्थानीय गरी तीनै सरकारको समन्वयमा सडक कालोपत्रे र ढलान गर्ने उनको प्रतिबद्धता छ । गुरुङले ती क्षेत्रहरूमा बाह्रै महिना सहज यात्रा गर्न मिल्ने गरी सडक स्तरोन्नति गर्ने योजना अघि सारेका छन् । 'हामी सांसदका लागि चुनाव लड्दैछौँ । मैले यो विकास गर्छु भन्ने होइन, विकासको नीति बनाउने हो,' उनले भने । गुरुङले भने, 'आफ्ना जनप्रतिनिधिसँग जनताका विकासे अपेक्षा पनि हुन्छन् । जनताका विकासे आपेक्षालाई सम्बोधन गर्न म नीतिगत पैरवी गर्नेछु ।' उनले ग्रामीण भेगका सडकहरू वर्षायाममा हिलाम्मे भएर एम्बुलेन्स समेत नगुड्ने अवस्थाको अन्त्य गर्ने प्रतिबद्धता जनाए । 'गाउँका बिरामीलाई अस्पताल लैजाँदा बाटोमै एम्बुलेन्स फस्ने दिनको अन्त्य हुनुपर्छ । त्यसका लागि म बाह्रै महिना चल्ने सडक निर्माणका लागि सम्बन्धित निकायमा निरन्तर दबाब दिनेछु,' उनले भने । लामो समय समाजसेवामा सक्रिय रहेर पहिलोपटक संसदीय राजनीतिमा होमिएका गुरुङले आफू निर्वाचित भएपछि पार्टीगत पूर्वाग्रह नराख्ने स्पष्ट पारेका छन् । उनले यसअघिका जनप्रतिनिधिले सुरु गरेका तर पूरा नभएका अधुरा योजनाहरूलाई पनि अपनत्व लिएर पूरा गर्ने बताए । 'जसले शुरू गरेको भए पनि योजना यही भूगोलका लागि हुन् । यहाँका जनताका लागि हुन् । 'विकासमा राजनीति गर्नु हुँदैन', गुरुङ भन्छन्, 'अधुरा र अपुरा रहेका सबै योजनाको जिम्मा म लिन्छु । आवश्यकता र प्राथमिकताका आधारमा तिनलाई पूर्णता दिने दायित्व मेरो हो ।'

स्थानीयको माग र आवश्यक्ताकै आधारमा विकास निर्माणका कामलाई प्राथमिकता दिने उनको प्रतिबद्धता छ । कतिपय विकासका योजनामा संरक्षण क्षेत्र बाधक बनेको भन्दै उनले त्यसमा भएका गाँठा फुकाउन पनि संसद र सरकारको ध्यानाकर्षण गराउने बताए । कास्की ३ का अधिकांश भूगोल अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्छन् । जसका कारण धेरैजसो सडक फराकिला हुन सकेका छैनन् । मतदातासँगको भेटघाटमा उनलाई सबै ठाउँमा स्वागत गर्दै जितको शुभकामना दिएका छन् । समाजसेवासँगै राजनीति गरिरहेका मनोज पहिलो पटक संसदीय निर्वाचनमा होकिएका हुन् । गुरुङ कास्की ३ मा बलिया उम्मेद्वारको रुपमा चर्चा गरिएको छ ।

# निर्वाचनमा खटिने मतदान र सहायक मतदान अधिकृतलाई तालिम

**पोखरापत्र संवाददाता**
दमौली, १२ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान र सहायक मतदान अधिकृतलाई आजदेखि तालिम सुरु गरिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले तनहुँ क्षेत्र नं १ र २ का मतदानस्थलमा खटिने मतदान र सहायक मतदान अधिकृतलाई तालिम दिन सुरु गरेको हो ।

तालिमको पहिलो दिन आज निर्वाचन क्षेत्र नं १ अन्तर्गत ६९ मतदानस्थलका १५३ मतदान केन्द्रका मतदान र सहायक मतदान अधिकृतलाई तालिम प्रदान गरिएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो ।

तालिमको दोस्रो दिन मङ्गलबार क्षेत्र नं २ अन्तर्गत ७५ मतदानस्थलका १५६ मतदान केन्द्रका कर्मचारीलाई तालिम प्रदान गरिनेछ । मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले निर्वाचनलाई भयरहित, स्वच्छ, निष्पक्षमा वातावरणमा सम्पन्न गराउने बताउँदै इमानदार भएर निर्वाचनमा खटिन कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँले निर्वाचनमा सुरक्षा व्यवस्था मजबुत बनाइने भन्दै ढुक्क भएर निर्वाचनमा परिचालन हुन र मतदातालाई निर्धक्कसँग मतदान गर्न आग्रह गर्नुभयो ।

# नेपालका सडक मृत्युको पासो कि विकासको आधार ?

**डा. विश्वराज दवाडी**
काठमाडौं, १२ फागुन/रासस



नेपालमा सडक दुर्घटना कुनै नौलो कुरा रहेन । हरेक दिन पत्रपत्रिका र समाचारका 'हेडलाइन'हरू सडक दुर्घटना र ज्यान गुमाउनेहरूको तथ्याङ्कले भरिएका हुन्छन् । अस्ति मात्रै पोखराबाट काठमाडौँतर्फ आइरहेको यात्रुवाहक बस दुर्घटना हुँदा १९ जनाले अकालमै ज्यान गुमाउनुपऱ्यो भने २५ जना यात्रु घाइते अवस्थामा छन् । यसअघि पनि केही हप्ताको अन्तरमै धेरैको ज्यान जानेगरी सवारी दुर्घटनाहरू भएका छन् ।

प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो आठ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या १९ हजार ३५८ पुगेको छभने ९६ हजार घाइते भएका छन् । प्रहरी मुख्यालयमा प्राप्त विवरणअनुसार २०७० को दशकको आठ आर्थिक वर्षमा मात्रै एक लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन् । दुर्घटनामा ज्यान गुमाउने नागरिकको सङ्ख्या १९ हजार ३५८ पुगेको छ । यस्ता दुर्घटनामा परी एक लाख ३५ हजार १७५ जना मानिस घाइते भएका छन् । दुर्घटनाका विवरण केलाउँदा सबैभन्दा जोखिममा मोटरसाइकल र जिप तथा कार भ्यान देखिएका छन् । नेपाल प्रहरीको तथ्याङ्कअनुसार वार्षिक हजारौँ मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन् । भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरबाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरू अहिले 'मृत्युको पासो' जस्तै बनेका छन् ।

दुर्घटनाको प्रकृतिअनुसार विवरण हेर्दा तीन कारणले दुर्घटना बढी हुने गरेका छन् । पहिलो चालकको लापरबाही, दोस्रो सडक पूर्वाधार र तस्रो यान्त्रिक कारण हो । सडक दुर्घटना बढ्नुको मुख्य कारण चालकको लापरबाही, सडक पूर्वाधारमा खेलाँची र र दुर्घटना न्यूनीकरणका लागि पहल नगर्नुलाई लिन सकिन्छ । यस्तै, सवारी चालक चेकजाँच नगरिएको, चालक निदाएको, जथाभावी ढोका खोलेको, ट्राफिक नियम उल्लङ्घन गरेको, मादक पदार्थ सेवन गरेको, 'ओभरटेक' गरेको र सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरेका कारण पनि दुर्घटना भएका छन् । दुर्घटनाले मानिसको अकालमै मृत्यु हुने मात्र होइन, अपाङ्ग हुनुपर्दा परिवारलाई विचलित अवस्थामा पुऱ्याएको छ । हाम्रो भौगोलिक अवस्था र सडकको बनावटले गर्दा पनि दुर्घटनाको दर बढ्दै गएको छ । नेपालको धरातलीय स्वरूप आफैँमा चुनौतीपूर्ण छ । पहाडी भेगमा घुम्ती सडकहरू, भिरालो जमिन र साँघुरा बाटाहरू छन् । इन्जिनियरिङको दृष्टिले कतिपय सडकहरू मापदण्ड विपरीत खनिएका छन् । वर्षायाममा पहिरो र हिउँदमा बाक्लो हुस्सुका कारण सडकको दृश्यता कम हुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ ।

विशेषगरी राजमार्गहरूमा रहेका 'ब्ल्याक स्पट' (दुर्घटना बढी हुने ठाउँ) हरूको पहिचान र सुधार हुन सकेको छैन । दिनहुँजसो यति धेरै दुर्घटनाका घटनाहरू हुने गरे पनि राज्य र जनस्तरबाट त्यति गम्भीरता देखाएको पाइँदैन । पहिलो त राजमार्गमा को-को गुड्न पाउने भन्ने बारेमा नै अन्योलता छ । नेपालका राजमार्गहरूको मुख्य समस्या भनेकै 'लेन व्यवस्थापन' को अभाव हो । विकसित देशहरूमा राजमार्गमा साइकल वा कम गतिका सवारीलाई निषेध गरिन्छ, तर नेपालमा एउटै लेनमा भारी सवारीसाधन (बस, ट्रक), निजी सवारी (कार, जिप), दुईपाङ्ग्रे (मोटरसाइकल, स्कुटर) साइकल र पैदलयात्री र कतिपय ठाउँमा चौपाया सडकमै हिँड्ने गर्दछन् । यसले गर्दा दुर्घटनालाई बढाएको छ । यो मिश्रित यातायात प्रणाली नै दुर्घटनाको प्रमुख कारक हो । राजमार्गमा गुड्ने चालकसँग अनिवार्य रूपमा सम्बन्धित श्रेणीको अनुमति पत्र हुनुपर्छ । भारी सवारीका लागि कम्तीमा २१ वर्ष उमेर पुगेको र विशेष तालिम प्राप्त व्यक्ति मात्र योग्य मानिन्छन् । तर हाम्रो व्यवहारमा जसले जुनसुकै सावरी पनि चलाएको पाइन्छ । अधिकांश ठूला दुर्घटनाहरूलाई हेर्दा विषम समय र मौसमको चुनौतीका कारण भएको देखिन्छ । धेरैजसो ठूला दुर्घटनाहरू 'अड आवर' अर्थात् मध्यरात वा झिसमिसे बिहानीमा हुने गरेका छन् । यसका पछाडि चालकको थकान, निद्रा र तीव्र गतिको मोह जिम्मेवार हुन्छ । त्यस्तै, खराब मौसम जस्तैः भारी वर्षा, बाक्लो कुहिरो र हिउँ परेको बेला सवारी चलाउँदा सडकको पकड कम हुन्छ, जसले गर्दा सवारी नियन्त्रण बाहिर गई दुर्घटना हुन्छ । कुन सडकमा कस्तो सवारी गुड्ने ? सडकमा हिँड्दा चालक, यात्रु वा सडक प्रयोगकर्ता बटुवाले कस्तो अनुशासन पालना गर्ने र कस्तो मान्छेले सवारी चालक अनुमति पत्र पाउने भन्नेमा पनि नेपालमा खासै महत्व दिने गरेको पाइँदैन । दुर्घटना भइसकेपछि उद्धारका लागि हामीसँग निश्चित मापदण्ड हुनु आवश्यक छ । दुर्घटना भएपछिको पहिलो एक घण्टालाई 'गोल्डेन आवर' भनिन्छ । यदि यो समयमा घाइतेले प्राथमिक उपचार पाएमा ज्यान जोगिने सम्भावना धेरै हुन्छ । नेपालमा 'सडक दुर्घटना उद्धार निर्देशिका' त छ, तर यसको कार्यान्वयन फितलो छ । घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले उद्धार कार्यमा खटिएका हुन्छन् । कतिपय अवस्थामा स्थानीय समुदायले पनि सहयोग गरेका हुन्छन् । उद्धारका लागि आवश्यक उपकरण, सामग्रीहरूको अभावमा समयमै उदार कार्यमा कठिनाइ हुने गर्दछ । क्रेन र हेलिकप्टर उद्धारको व्यवस्था सीमित छ । समयमै उद्धार हुन नसक्दा कतिपय घाइतेलाई बचाउन सकिँदैन । राजमार्ग छेउछाउमा अस्पताल र ट्रमा सेन्टरहरूको अभाव छ, जसले गर्दा घाइतेलाई समयमै अस्पताल पुऱ्याउन सकिँदैन ।

**अबको बाटो**

देशभर सडक सञ्जालको विस्तारसँगै सवारीसाधनको सङ्ख्या पनि ह्वात्तै बढेर गएको छ । वर्षेनी लाखौँको सङ्ख्यामा सवारीसाधन भित्रिने गरेका छन्भने वर्षौं पुराना सवारीसाधनहरू पनि सडकमा गुडिरहेका देखिन्छन् । त्यसैले सडक सुरक्षामा सुधार गर्न अब पुरानो ढर्राले पुग्दैन । यसका लागि सरकारले निम्न कुरामा तुरुन्तै ध्यान दिनु आवश्यक छः

**लेन अनुशासनः**

राजमार्गहरूमा साइकल र मोटरसाइकलका लागि छुट्टै लेनको व्यवस्था गर्नुपर्छ । एउटै सडकमा सबैखाले सवारी गुडाउँदा दुर्घटनाको जोखिम उच्च हुने गर्दछ । अन्य देशमा लेन अनुशासनलाई निकै महत्वका साथ हेरिन्छ । गति निगरानीः राजमार्गका विभिन्न ठाउँमा 'सिसिटिभी' र 'राडार गन' को प्रयोग गरी तीव्र गतिमा चलाउने चालकलाई कडा कारबाही गर्नुपर्छ । अन्य देशमा जस्तो कडा जरिवानाको व्यवस्था भएमा अनुशासनको पालना हुँदा स्वतः दुर्घटना कम हुने गर्दछ । सवारी परीक्षणः पुराना र जीर्ण सवारीसाधनलाई राजमार्गमा गुड्न रोक लगाउनुपर्छ । बिसौँ वर्ष पुराना वा जीर्ण अवस्थामा रहेका सवारीसाधनलाई सडकमा प्रवेश नदिने व्यवस्थालाई कडाइका साथ लागू गरिएमा दुर्घटनामा कमी आउनेछ । चालकको स्वास्थ्यः सवारी चलाउने काम पनि उत्तिकै शारीरिक परिश्रमको काम भएकाले चालकको स्वास्थ्य राम्रो हुनु जरुरी हुन्छ । त्यसमा पनि लामो दूरीका चालकहरूको नियमित स्वास्थ्य र मानसिक अवस्थाको परीक्षण अनिवार्य गरिनुपर्छ । यी माथि उल्लिखित केही सुधारका प्रयासहरू गर्न सकिए मात्रै पनि सवारी दुर्घटनाको भयावह अवस्थालाई धेरै नै कम गर्न सकिन्छ । अब पनि सडक सुरक्षा सुधारका लागि जनचेतना र सडकको अवस्था सुधारमा तत्काल बृहत्तर पहल नगरे आगामी वर्षहरू थप विकराल हुनेछ । सडक सुरक्षा केवल सरकारको मात्र जिम्मेवारी होइन, यो हामी सबैको साझा दायित्व हो । नियमको पालना गर्ने संस्कृति, व्यवस्थित सडक पूर्वाधार र प्रभावकारी उद्धार संयन्त्रले मात्र नेपालको सडक यात्रालाई सुरक्षित बनाउन सक्छ । अन्यथा, विकासको नाममा खनिएका सडकहरूले नागरिकको रगत पिउने क्रम रोकिने छैन ।

(लेखक जेनरल प्राक्टिस एन्ड इमेर्जेन्सी मेडिसिन एसोसिएसन अफ नेपालका अध्यक्ष हुनुहुन्छ)

# 'कुष्ठरोग प्रभावित व्यक्तिको अधिकारका लागि बहस जरुरी छ'

**रासस**
काठमाडौं, १२ फागुन

मानव सभ्यतालाई चुनौती दिइरहेको पुरानो समस्याका रूपमा रहेको कुष्ठरोग प्रभावितको व्यक्तिको अधिकार सुनिश्चितता गर्न नेपालमा कानुनी र सामाजिक सुधार गर्नुपर्नेमा जोड दिइएको छ । नेपाल कानुन समाजद्वारा आज यहाँ आयोजित 'नेपालमा कुष्ठ प्रभावित व्यक्तिको अधिकार तथा भावि रणनीति' विषयक कार्यक्रमका वक्ताहरूले कुष्ठरोग निधानका लागि उपचारमा पहुँच बढाउन, पीडितप्रति समाजबाट हुने गरेको विभेद् हटाउन तथा नयाँ रोगी पत्ता लगाउन गहिरो अध्यायन र परामर्श आवश्यकता औँल्याउनुभयो ।

सो अवसरमा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले कुष्ठप्रभावित व्यक्ति कसैको कृपा, उद्धार र दयामा बाच्नुपर्ने विषय नभइ अन्य व्यक्ति समान राज्यबाट सेवा, सम्मान र उपचार प्राप्त गर्न पाउनु उहाँहरूको मानवअधिकार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य रोगको राज्यबाट उपचार प्राप्त गरेझै समान लाभको अधिकार कुष्ठ प्रभावितलाई छ, यो न्यायको प्रश्न, राष्ट्रिय विकास, मानवअधिकार, स्वास्थ्य र अस्मिताको विषय हो । राज्यले सम्बोधन गर्नुपर्छ ।" नेपालमा कुष्ठरोध निवारणका लागि बिस वर्षदेखि विभिन्न प्रयास भएका छन् ।

विस २०६६ मा नेपालले गम्भीर स्वास्थ्य समस्याको रूपमा नभएको भनी यो रोग निवारण भएको घोषणा गरेको थियो । तथापि विश्व स्वास्थ्य सङ्गठनले कुष्ठरोग प्रभावित विश्वका २३ मुलुकमा नेपाललाई पनि समावेश गरेको छ । पछिल्लो तथ्याङ्कअनुसार नेपालमा अहिले पनि करिब दुई लाखको सङ्ख्यामा कुष्ठरोग प्रभावित व्यक्ति रहेको र करिब दुई हजारदेखि दुई हजार पाँचसयसम्म व्यक्ति यो रोगको सङ्क्रमणमा पर्ने गरेका छन् ।

मधेस-प्रदेश तथा लुम्बिनी प्रदेशका तराईका ११ जिल्लामा अहिले पनि प्रतिदश हजारमा एक जनाभन्दा बढी व्यक्ति कुष्ठरोग प्रभावित भएको तथ्याङ्कले देखाएको छ । नेपालमा कुष्ठरोगबाट प्रभावित व्यक्तिमाथि अझै पनि सामाजिक तथा कानुनी भेद्भाव कायम रहेको छ ।

पूर्व मुख्यसचिव शङ्करदास वैरागीले देशमा देखिएका समस्या हटाउन बनाइने रणनीति कार्यान्वयन गर्न सकिने व्यवहारिक खालको र लक्षित वर्गको मनोबल बढाउने हुनुपर्नेमा जोड दिनुभयो । पूर्व अर्थसचिव शिशिर ढुङ्गानाले सङ्ख्याका आधारमा कुष्ठरोग प्रभावित कम देखिए पनि त्यसले समाजमा पारेको प्रभाव र तरङ्ग ठूलो रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कुष्ठरोग प्रभावित व्यक्तिले सम्मानपूर्वक बाँच्नका लागि स्वास्थ्य उपचार मात्र होइन, विद्यमान कानुनमा सुधार र सचेतना आवश्यक रहेको बताउनुभयो ।" पूर्व कानुन, न्याय तथा संसदीय मामिला सचिव धनराज ज्ञवालीले कुष्ठरोग प्रभावित व्यक्तिलाई समाजमा सम्मानपूर्वक बाँच्नका लागि स्वास्थ्य उपचारसँगै विभेद्वको अन्त्य, सामाजिक संरक्षण र सचेतनाजस्ता विषय सम्बोधन गर्न आवश्यक रहेको बताउनुभयो ।

स्वास्थ्य सेवा विभाग कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रमुख डा रवीन्द्र बाँस्कोटाले कुष्ठरोग सङ्क्रमणको सुरुमै उपचार भएमा अरुलाई नसर्ने, पूर्णरूपमा निको हुने तथा अपाङ्गता नहुने पाटोबारेमा जनचेतना आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "उपचारमा पहुँच बढाउनुपर्छ, बिरामीप्रतिको समाजमा देखिएको विभेद् हटाउनुपर्छ । गहिरोसम्म खोजी गरी थप बिरामी पहिचान गर्नपर्ने अहिलेको प्राथमिक विषय हुन् ।" नेपालमा उन्मूलन भयो भनिएपनि केही जिल्लामा पछिल्लो समय देखिएको सङ्क्रमणका दर विश्व स्वास्थ्य सङ्गठन मापदण्डभन्दा दोब्बर रहेको बताउँदै उहाँले पाँच वर्ष लगातार शून्य देखिएमा मात्रै उन्मूलन भएको मान्न सकिने तर्क गर्नुभयो ।

गत आर्थिक २०८१/८२ मा नेपालमा दुई हजार ४८२ कुष्ठरोग सङ्क्रमणका नयाँ बिरामी भेटिएका थिए । नेपालमा सबैभन्दा बढी नवलपरासी यसबाट प्रभावित रहेको बताइएको छ । कुष्ठरोग प्रभावित, परिवार र सरोकारबालासँगको छलफलमा सहभागी अन्य वक्ताले यतिका धेरै कुष्ठ प्रभावित भएकाले यो समस्याका रूपमा नेपालमा रहेको पुष्टि भइरहेको बताउँदै उपचारको वर्तमान अवस्था, चुनौती, पहिचान गर्ने विधिलगायत विषयमा आ-आफनो धारणा व्यक्त गर्नुभयो ।

नेपाल १५४ जना कुष्ठरोग प्रभावित व्यक्तिको हात, गोडा र आँखाको दृष्टिसमेत क्षति भएको तथा कुष्ठरोग पहिचानका लागि जति नयाँ कार्यक्रम गऱ्यो त्यति नै नयाँ रोगीको सङ्ख्या थपिँदै गएको सरोकारवालाको भनाइ छ । रोगको सङ्क्रमण निधानका लागि कार्यक्रम, बजेट, औषधि, जनशक्ति र सचेतनाको पाटोलाई सँगसगै लैजाउनुपर्ने उहाँहरूको भनाइ छ । नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले समाजले नेपाल सरकार र 'सासाकावा हेल्थ फाउण्डेशन'का सहकार्यमा नेपालमा कुष्ठरोग प्रभावित व्यक्तिको अधिकार तथा भावी रणनीतिसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरी कानुनी, नीतिगत र सामाजिक सुधारका लागि सरोकारवाला पक्षसँग परामर्श गरिरहेको जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६, जैमुरे स्वास्थ्य चौकी नजिक १०० मिटर बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जैमुरे स्वास्थ्य चौकी नजिक १०० मिटर बाटो निर्माण वडा नं. १६

ठेगानाः पोखरा-१६, जैमुरे

योजना सम्झौता मिति : २०८२/१०/११ गते

योजना सुरु मितिः २०८२/१०/२५ गते

योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते

योजना सम्पन्न भएको मितिः २०८२/११/११ गते

योजनाको कुल लागतः रु. ५,५५,७७७।-

महानगरपालिकाबाटः रु. ५,००,०००।-

जनसहभागिताबाटः रु. ५५,७७७।-

उपभोक्ता समिति अध्यक्षः मनकाजी गुरुङ

सम्पर्क नं.ः ९८१४११८२२८

उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**जैमुरे स्वास्थ्य चौकी नजिक १०० मिटर बाटो निर्माण वडा नं. १६ उपभोक्ता समिति पोखरा-१६**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, रामेश्वरी मा.वि. शौचालय र फर्निचर निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः लप्सी कुनादेखि शिशु कल्याण मा.वि.सम्म बाटो स्तरोन्नति

ठेगानाः रामेश्वरी मार्ग, पोखरा-१४

योजना सम्झौता मिति : २०८२/०८/२६ गते

योजना सुरु मितिः २०८२/०८/२७ गते

योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते

योजनाको कुल लागतः रु. ६,११,३०३.५०।-

महानगरपालिकाबाटः रु. ५,५०,०००।-

जनसहभागिताबाटः रु. ६१,३०३.५०

उपभोक्ता समिति अध्यक्षः रमेश कार्की

उपभोक्ता समिति सदस्यः ५ जना महिलाः २ पुरुषः ३ जना

**रामेश्वरी मा. वि. शौचालय र फर्निचर उपभोक्ता समिति पोखरा-१४**


# पिइए इन्जियिरिङ एण्ड आईटी क्वीजमा मदरल्याण्ड प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



मदरल्याण्ड बोर्डिङ स्कुल पिइए इन्जियिरिङ एण्ड आईटी क्वीज-२०८२ अन्तर्गत गण्डकी प्रदेशस्तरमा प्रथम भएको छ ।

पिइए एसोसिएसन प्रालिले कक्षा ११ र १२ मा विज्ञान विषय लिई अध्ययन गरेका विद्यार्थीबीच इन्जिनियरिङ र आइटी सम्बन्धित रहेर बर्सेनि यसप्रकारको प्रतियोगिता गर्दै आएको छ । पोखरामा भएको सो प्रतियोगितामा गण्डकी प्रदेशका विभिन्न विद्यालयबाट ९६ टिमले भाग लिएका थिए । जसमा मदरल्याण्डका मिजल पराजुली र कस्मित खनालको जोडी प्रथम भएको हो । उत्कृष्ट आठमध्ये मदरल्याण्ड प्रथमसहित चौथो, छैटौं र सातौं भएको छ ।

प्रतियोगितामा एसओएसका एरिज पोखरेल र सचेत सुवेदी द्वितीय भए । गण्डकी बोर्डिङका अभिनव ढुंगाना र एस.एन. भिक्टोरी तेस्रो भए । मदरल्याण्डका अमृत तिमिल्सिना र म्याथ्यु भूर्तेल चौथो, गण्डकी बोर्डिङका आयुश पौडेल र अल्वर्ट रेग्मी पाँचौं, मदरल्याण्डका मनीष अधिकारी र सुजल पौडेल छैटौं, मदरल्याण्डकै सम्पूर्ण शर्मा र सुभाष पोखरेल सातौं र सगरमाथा सेकेण्डरी स्कुलका समित खनाल र सक्षम तिमिल्सिनाको जोडी आठौं भएको छ । २०८० सालको क्वीजमा मदरल्याण्ड देशभरमै च्याम्पियन बनेको थियो ।

विद्यालयका प्रवेश बास्तोला र विनायक बास्तोला च्याम्पियन त्यसबेला प्रथम भएका हुन् । गत वर्ष मदरल्याण्ड राष्ट्रियस्तरमा दोस्रो भएको थियो । विद्यालयका प्लस टु इन्चार्ज नारायण आचार्यले मदरल्याण्डका विद्यार्थीले हरेक वर्ष कुनै न कुनै पुरस्कार जित्दै आएकोमा खुसी व्यक्त गरे । यसपालि आयोजकले गण्डकीसहित सातै प्रदेशबाट छनोट चरण लिइरहेको जनाएको छ । हरेक प्रदेशबाट छानिने उत्कृष्ट आठमध्येका प्रतियोगिताले राष्ट्रियस्तरको क्वीजमा सहभागिता जनाउनेछन् । विजेतालाई छात्रवृत्तिमा पिइए इन्जियिरिङ पढ्न पाउने सुविधासहित नगद एक लाख र ल्यापटप पुरस्कार दिइनेछ ।

मदरल्याण्डले आफ्ना विद्यार्थीलाई इन्जिनियरिङतर्फ छात्रवृत्तिसहित प्रवेश परीक्षामा नाम निकाल्न हरेक वर्ष थप तयारी कक्षा सञ्चालन गर्दै आएको प्लस टु इन्चार्ज नारायण आचार्यले बताए । विद्यालयले वर्षको सुरुआतदेखि तयारी कक्षा गर्ने भएकाले गत वर्ष पनि इन्जिनियरिङतर्फ ३५ जना विद्यार्थीले प्रवेश परीक्षामा नाम निकाली छात्रवृत्ति पाएका थिए ।